Funded by

Partners

मुङ खेती सम्बन्धी जानकारी

मुङ छोटो समयमै (७०–८० दिनमा) पाक्ने बाली भएकोले, हिउँदे बाली (तोरी, आलु, गहुँ, मुसुरो) काटिसकेपछि खाली रहने जमिनमा यसको खेती गरी मनग्य फाइदा लिन सकिन्छ ।

मुङ खेतीबाट हुने मुख्य फाइदाहरू

- **आम्दानीको श्रोत :** एक बिघा मुङ खेतीबाट रु. ८० हजारसम्म आम्दानी लिन सकिन्छ ।
- **माटोको सुधार :** मुङको भ्यांगलाई माटोमा मिलाउँदा माटोको उर्बराशक्ति बढ्नगई मुङ पछि लगाउने बालीमा यूरिया मलको मात्रा घटाउन सकिन्छ ।
- **पौष्टिक आहार :** मुङमा प्रसस्त प्रोटिन हुनुका साथै यो सजिलै पच्ने हुँदा यसको दाल केटाकटी र बिरामीको लागि समेत उत्तम मानिन्छ । यसको दानाबाट विभिन्न परिकार जस्तै : दालमोठ, दाल, भुजिया, टुसा आदि बनाउन सकिन्छ ।

उन्नत मुङ खेतीका लागि जान्नुपर्ने कुराहरू

१. जमिनको छनोट

- पानी नजम्ने र उचित निकासको व्यवस्था भएको दोमट माटो मुङ खेतीको लागि उपयुक्त हुन्छ । माटोको पी.एच. ६.२-७.२ हुनु पर्छ ।

२. उचित जातहरू

- **सिफारिस भएका जातहरू :** कल्याण र प्रतिक्षा ।
- **सिफारिसका क्रममा रहेका जातहरू :** हम-१६, बारि मुङ, एस एम एल-६६८, पन्त मुङ-५ ।

३. बीउको मात्रा, लगाउने समय र तरिका

- **बीउको मात्रा :** ५०० देखि ७०० ग्राम प्रति कट्ठा
- **लगाउने समय :** फागुनको दोस्रो हप्तादेखि चैत्रको अन्तिम हप्तासम्म

लाइनमा बीउ छर्ने सीड ड्रिल मेसिन

लाइनमा उम्रेको मुङ

- **लगाउने तरिका :** राम्रोसँग खनजोत गरी तयार पारिएको जग्गामा एकनाशले हातले छर्ने वा ट्याक्टरबाट चल्ने बीउ छर्ने सीड ड्रिल मेसिन प्रयोग गर्ने (माथिको चित्रमा जस्तै) ।

नोट :

» *पहिलो पटक मुङ लगाउँदा मुङको लागि प्रयोग गरिने राईजोबियम जीवाणु मलले उपचार गरेर बीउ लगाउनुपर्छ । जसले गर्दा जरामा माटोको उर्बरा शक्ति बढाउने गिर्खाहरूको वृद्धि हुन्छ ।*

» *मुङको बीउ लाइनमा लगाउँदा बीउको मात्रा कम लाग्नुका साथै झारपात हटाउन रोग किरा नियन्त्रण गर्न र बाली टिप्न सजिलो हुन्छ ।*

» *मुङको बीउ ३-५ से.मी.को गहिराईमा रोप्नुपर्छ ।*

» *यदि माटो सुक्खा छ भने सिंचाई गरेर मात्र बीउ रोप्नुपर्छ ।*

४. मलखाद व्यवस्थापन

- बीउ रोप्नु अगाडि प्रति कट्ठा २०० - ३०० किलो कम्पोष्ट मल, २ किलो डि.ए.पि. र १ किलो पोटास छरेर माटोमा राम्रोसँग मिलाउनुपर्छ ।

नोट :

» *फूल फुल्नुअघि नाईट्रोजन तत्वको कमि भई बोट पहेँलो भएमा २० ग्राम यूरिया मल प्रति लिटर पानीमा मिसाएर छर्न सकिन्छ ।*

५. सिंचाई

- मुङ छर्ने बेला माटोमा पर्याप्त चिस्यान हुनु जरुरी छ । माटोको अवस्था अनुसार मुङ खेतीको लागि बाली उम्रेको १५-२० दिन पछि पहिलो सिंचाई र फूल फुल्ने बेला दोस्रो सिंचाई दिनुपर्छ ।

नोट :

» *कोसा लागि सकेपछि सिंचाई बन्द गर्नुपर्छ । यसो गर्दा छिटो/एकनासले बाली पाक्न मद्दत पुग्छ ।*

६. किरा तथा रोग नियन्त्रण

- लाहि, पतेरो र सेतो झिंगा मुङमा लाग्ने प्रमुख किराहरू हुन् र यी किराको प्रकोप बढी भएमा बोटमा कोसा वा दाना लाग्दैन । यी किराहरू देखापरेमा **साइपरमेथ्रिन ५% (१.५ एमएल प्रति लिटर पानीमा) वा च्यापिड (०.५ ग्राम प्रति लिटर पानीमा) मिसाई १-२ पटक छर्नु पर्छ ।**
- पात पहेँलिएर छिर्केमिर्के हुने, थोप्ले रोग, पात डढुवा आदि मुङमा लाग्ने प्रमुख रोगहरू हुन् ।
- छिर्केमिर्के रोग लागेका बोटलाई तुरुन्त उखेलेर जलाउनु वा गाड्नुपर्छ ।
- थोप्ले रोग, पात डढुवा रोग देखा पर्नासाथ **ब्लाइटेक्स-५० नामक बिषादी २.५ ग्राम प्रति लिटर पानीमा मिसाई छर्नुपर्दछ ।**

नोट :

» *छिर्केमिर्के रोग सेतो झिंगाले सार्ने हुँदा यो किरा नलाग्दै (फूल फुल्ने बेलामा) माथि उल्लेखित बिषादी छर्नुपर्छ ।*

» *बिषादी छर्दा सुरक्षात्मक पहिरन जस्तै - मास्क, एप्रोन, पन्जा आदि अनिवार्य लगाउनुपर्छ ।*

७. बाली टिप्ने

- माथि उल्लेखित जातहरू बीउ छरेको ६० - ६५ दिनमा प्रथम पटक र ७० - ८० दिनमा दोस्रो पटक कोशा टिप्न सकिन्छ । एक एक गरी कोशा टिप्दा धेरै समय लाग्ने हुँदा, कोशाहरू खैरो रंगमा परिणत भएपछि पाकेका झुप्पा टिप्नुपर्छ । कोशा टिपिसकेपछि ३ - ५ दिन घाममा सुकाउनुपर्छ । उन्नत तरिकाले खेती गर्दा प्रति कट्ठा ३० - ४० किलो सम्म मुङको दाना उत्पादन गर्न सकिन्छ ।
- भण्डारण गर्ने दाना राम्रोसँग सुकेको (टोक्दा कित्रिक्क आवाज आउने) हुनुपर्दछ ।

यो सामग्री अमेरिकी सहयोग नियोग (USAID) द्वारा संचालित सिमिट (CIMMYT) को सिशा (CSISA) परियोजना तथा राष्ट्रिय कोशेबाली अनुसन्धान कार्यक्रम (NARC) ले संयुक्त रुपमा तयार गरेको हो । विस्तृत जानकारीको लागि : www.csisa.org